स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

Green Ilam

पत्र संख्याः ०७७/७८

चलानी नः 1563

१ नं.प्रदेश,नेपाल

मितिः २०७७/०९/१९

विषयः दिवा खाजाको लागि अनुदान सम्बन्धमा।

श्री सबै सामुदायिक विद्यालयहरु,

इलाम नगरपालिका, इलाम।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि दिवा खाजाको व्यवस्थापन गर्न प्रति विद्यार्थी प्रति दिन रु १५।– का दरले अनुदान प्राप्त हुने भएकोले **मिति २०७७/०९/२६ गतेभित्रमा** तपसिलबमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

**तपसिलः**

१. प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरुको नाम थर, जन्ममिति र कक्षा सहितको विवरण विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रमाणित गरी कार्यालयमा पेश गर्ने,

२. तलका मध्ये कुनै एक विकल्प छनौट गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पेश गर्ने,

क. विद्यालय व्यवस्थापन समितिले स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने। यसरी व्यवस्था गर्दा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषक तत्वको सुनिश्चिततामा ध्यान पुर्याउनु पर्नेछ। अभिभावक आमा समूह मार्फत स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी दिवा खाजा तयार गराई खुवाउने तथा खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्नेछ। खाजाका लागि आवश्यक पर्ने मात्रा, स्वच्छता र पोषक तत्वको सुनिश्चितताको सम्बन्धमा आमा समूहलाई अभिमुखीकरण गर्नुपर्नेछ। यसरी खाजा व्यवस्थापन गर्दा व्यवस्थापन समितिले नियमित अनुगमन गर्नुपर्नेछ।

ख. दिवा खाजा विद्यालयमै तयार गर्न कठिनाइ हुने अवस्था भएमा बालबालिकाहरुलाई आवश्यक पर्ने मात्रा, स्वच्छता र पोषक तत्वयुक्त हुने गरी दिवा खाजा घरबाटै तयार गरी पठाउने व्यवस्था मिलाउन अभिभावकहरुलाई प्रतिबद्धता गराई उपलब्ध गराउन सकिनेछ। विद्यार्थीले घरबाट ल्याएको खाजा नियमितता र गुणस्तर अनुगमन विद्यालयबाट गर्ने व्यवस्था मिलाउने। यस कार्यका लागि तोकिएको प्रति विद्यार्थी लागत अनुदान विद्यालयले सम्बन्धित विद्यार्थीको अभिभावकलाई उपलब्ध गराउने।

**पुनश्चः माथि उल्लेखित जुनसुकै विकल्प प्रयोग गरिए पनि विद्यालयमा चाउचाउ, विस्कुट लगायत प्याकेटमा आउने कुनै पनि किसिमका तयारी खाना दिवा खाजाको रुपमा प्रयोग गर्न पाइने छैन। साथै विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम दिवा खाजाको व्यवस्थापन भएपश्चात् विद्यार्थीको हाजिरी अभिलेखको आधारमा विद्यालयहरुलाई अनुदान उपलब्ध गराइनेछ।**

**बोधार्थः**

श्री सबै वडा कार्यालयहरु, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।

श्री सूचना प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।